# स्थानीय राजपत्र

## खैरहनी नगरपालिकाद्वारा प्रकाशित

खण्ड (४) चितवन, कार्तिक २८, २०७७ साल अंक ४

## भाग ३

**खैरहनी नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम खैरहनी नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**संवत् २०७७ को कार्यविधि नं. ४**

## विद्यार्थी सिकाइ सहजीकरण क्रियाकलाप सम्बन्धी मापदण्ड, २०७७

**प्रस्तावनाः** राष्टिय पाठ्यक्रम प्रारुपले निर्दिष्ट गरेका सिकाइ उपलब्धिहरु हासिल गर्न र विद्यालय उमेरका बालबालिकालाई समुदाय वा विद्यालयमा रहेको सिकाइ केन्द्रमा राखी परिवेश अनकुल सिक्ने वातावरण सिर्जना गरी सिकाइमा सहजीकरण गर्न, कोभिड-१९ सङ्क्रामक रोगको कारण अवरुद्ध रहेको विद्यालयको नियमित पठन पाठन सुचारु गर्न, साक्षात्कार, दुर तथा खुला शिक्षाको माध्यमलाई तत्कालका

लागि सिकाइ सहजीकरणको माध्यमको रुपमा प्रयोग गरी शिक्षण सिकाइ कार्यलाई निरन्तरता कायम गर्दै प्रभावकारी रुपमा अगाडी बढाउन बाञ्छनीय भएकोले खैरहनी नगरपालिका शिक्षा ऐन २०७४ को दफा ३८ ले दिएको अधिकार प्रयोगगरी खैरहनी नगरपालिका नगर कार्यपालिकाले यो मापदण्ड बनाई लागू गरेको छ ।

**१.<u>संक्षिप्त नाम र प्रारम्भः</u>**(१) यस मापदण्डको नाम "**विद्यार्थी सिकाइ सहजीकरण क्रियाकलाप सम्बन्धी मापदण्ड,२०७७**" रहेको छ ।

(२) यो मापदण्ड नगर कार्यपालिकाबाट स्विकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२.<u>परिभाषाः</u>** बिषय या प्रसङगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः

(क) 'ऐन' भन्नाले स्थानीय सरकार संञ्चालन ऐन,२०७४ सम्झनु पर्दछ ।

(ख) 'नगरपालिका' भन्नाले खैरहनी नगरपालिका सम्झनु पर्दछ ।

(ग) 'वडा' भन्नाले खैरहनी नगरपालिकाको सबै वडालाई सम्झनु पर्दछ ।

(घ) 'बिधार्थी' भन्नाले औपचारिक अनौपचारिक रुपमा अध्ययनरत वा विद्यालय जाने उमेरका विद्यालय बाहिर रहेका बालबालिका सम्झनु पर्छ ।

(ङ) 'बिद्यालय' भन्नाले प्रचलित कानून बमोजिम स्थापना भई संचालन भएको सामुदायिक र संस्थागत विद्यालय वा सार्वजनिक र निजी लगानीका विद्यालय सम्झनुपर्छ र सो शब्दले परम्परागत बिद्यालयलाई समेत जनाउँछ ।

(च) 'शिक्षक' भन्नाले विद्यालको अध्यापक सम्झनुपर्दछ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँदछ ।

(छ) 'सिकाइ सहजीकरण' भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको माहामारी वा विपद् जस्ता कारणले नियमित पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम रेडियो, टेलिभिजन, अनलाइन परियोजना कार्यहरु, स्व अध्ययन, दुर तथा खुला शिक्षा लगायतका बैकल्पिक माध्यमबाट अध्ययन अध्यापन सुचारु राख्ने बिधि र प्रक्रिया सम्झनु पर्दछ ।

(ज) 'सिकाइ केन्द्र' भन्नाले विद्यालय बाहिर वा विद्यालय भित्र सुरक्षित मापदण्ड अपनाई समय निर्धारण गरी निश्चित संख्यामा शिक्षक विद्यार्थी उपस्थित भई साक्षात्काररुपमा सिकाइ सहजीकरण गरिने केन्द्र सम्झनु पर्दछ ।

**३. <u>उद्देश्यः</u>** यस मापदण्डको उदेश्य देहाय बमोजिम रहेको छः

(क) शिक्षण सिकाइ क्रियाकलापलाई नियमित तथा भयरहित ढंगले संचालन गर्न,

(ख) सामुदायिक तथा संस्थागत विद्यालयहरु नियमित तथा सुरक्षित रुपमा संचालन गर्न,

(ग) कोरोना भाइरसको जोखिमलाइ न्यूनिकरण गर्दै शैक्षिक संस्थाहरुको शैक्षिक सत्र खेरजान नदिन,

(घ) सिकाइ केन्द्र स्थापना गरी सहजरुपमा बिद्यार्थीहरुको पठनपाठन गर्न पाउने हकलाई सुनिश्चित गर्न,

(ङ) निर्धारित समयमै पाठ्यक्रम र पाठ्यवस्तुले निर्धारण गरेको उद्धेश्य र विषयवस्तु पुरा गरी मुल्यांकन गर्न,

(च) विषम परिस्थितिमा सिकाइ सहजीकरणलाई सहजरुपमा अगाडी बढाउन सरोकारवालालाई जिम्मेवार बनाउन ।

**४. कार्यक्रम सञ्चालन प्रक्रियाः**

(क) सबै विद्यालयहरुले वडा कार्यालयको संयोजनमा बिद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, अभिभावक, शिक्षक, स्थानीय स्वास्थ्य संस्था, स्थानीय क्लव, टोल विकास संस्था, आमासमूह सहितको सरोकारवालाहरुसंग राय परामर्श गरी बिद्यालय तथा सिकाइ केन्द्र सञ्चालनको लिखित प्रतिवद्धता जाहेर गर्ने ।

(ख) विद्यालय वा समुदायमा रहेका सार्वजनिक स्थललाई सिकाइ केन्द्रको रुपमा प्रयोग गर्ने ।

(ग) अभिभावकहरु संग सहजीकरण गरी कवुलियत गराएर मात्र विद्यार्थीलाई सिकाइ केन्द्रमा उपस्थित गराउने ।

(घ) विद्यालयबाट सिकाइ सहजीकरणको कार्ययोजना निर्माण गर्ने, विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई कार्यान्वयन तहमा लैजाने र उक्त कार्य योजना नगरपालिका समेत पेशगर्ने ।

(ङ) समय समयमा सरोकारवालाहरुको वैठक बसी कार्यक्रम सञ्चालन प्रक्रियाको मूल्याङ्कन गर्ने र सुधार गर्नु पर्ने भएमा वैठक बसी आवश्यक निर्णय लिने ।

(च) संक्रमणको अवस्था बढेमा वा अन्य असामान्य स्थिति सृजना भएमा माथिल्लो निकायले दिएको निर्देशनको पुर्ण पालना गर्ने गराउने ।

(छ) संक्रमणको अवस्था सामान्य बनेमा प्राप्त हुने निर्देशनको आधारमा विद्यालयमा शिक्षक विद्यार्थी उपस्थित भई प्रतक्ष माध्यमबाट कक्षा सञ्चालन गर्न सकिने ।

(ज) सिकाइ केन्द्रमा विद्यार्थीको उपस्थितिमा गरिने सिकाइ सहजीकरण बाहेक अनलाइन शिक्षा, भर्चुअल कक्षा रेडियो, टि.भि. बाट दिइने शिक्षाका साथै अन्य उपयुक्त माध्यमबाट सहजीकरणको प्रक्रिया अगाडी बढाउन सकिने ।

(झ) पाठ्यक्रम र पाठ्यवस्तु अनुसार सिकाइ सहजीकरण प्रक्रियालाइ अझ व्यवस्थित गरी अगाडी बढाउनु पर्ने महशुस भएमा विद्यालयले निर्णय गरी विदाको दिन पनि सिकाइ सहजीकरण प्रक्रियालाई अगाडी बढाउन सक्नेछ ।

**५.विद्यार्थी सिकाइ सहजीकरणप्रक्रियाः**

(क) तहगत रुपमा विद्यार्थी विभाजन गरेर सिकाइ केन्द्रमा बोलाउने ।

(ख) जोर विजोर रोल नम्वर अनुसार विद्यार्थी विभाजन गरी उपस्थित गराउने ।

(ग) सिफ्ट अनुसार विद्यार्थी विभाजन गरी उपस्थित गराउने ।

(घ) दिन फरक पारी विद्यार्थी उपस्थित गराउने ।

(ङ) समय निर्धारण गरी फरक फरक समयमा विद्यार्थी उपस्थित गराउने ।

(च) बढीमा ३ घण्टाको सिफ्ट सञ्चालन गर्ने र एक देखि अर्को सिफ्टको समयान्तर कम्तिमा १घण्टाको हुनु पर्ने ।

(छ) विद्यार्थी संख्याको अवस्थाको मूल्याङ्कन गरी हप्तामा पुरैदिन वा आंशिक दिनमात्र पनि उपस्थित गराउन सक्ने

(ज) पूर्व प्राथमिक तहका बालबालिकाहरुलाई होमस्कूलिङको कार्यक्रम सञ्चालन गरी सहजीकरण गर्न सकिने ।

**६.विद्यालय वा सिकाइ केन्द्रमा अपनाउनु पर्ने सुरक्षात्मक उपायहरुः**

(क) विद्यालय सरसफाइ गर्ने, आवश्यक परेमा सेनिटाइज गर्ने शौचालय, खानेपानी टंकी, धाराको सफाइ गर्ने, कक्षाकोठा सरसफाइ गर्ने, वाहिरी वातावरण सफा राखी विद्यालय सफाई भएको सुनिश्चित गर्ने ।

(ख) थर्मलगनको व्यवस्था गरी शिक्षक र विद्यार्थी विद्यालय वा सिकाइ केन्द्र प्रवेश गर्दा तापक्रम नाप गर्ने ।

(ग) ज्वरो आएको रुघाखोकी लागेको शिक्षक विद्यार्थीलाई विद्यालय वा सिकाइ केन्द्र प्रवेश गर्न नदिने ।

(घ) विद्यालय वा सिकाइ केन्द्र प्रवेश गर्दा शिक्षक विद्यार्थीले अनिवार्य रुपमा माक्स प्रयोग गर्नुपर्ने ।

(ङ) विद्यालय वा सिकाइ केन्द्रमा सावुन पानीको व्यवस्था गरी अनिवार्य रुपमा हात धुने र धुन लगाउने ।

(च) विद्यालयमा सेनिटाइजरको व्यवस्था गरी कक्षागत रुपमा उपलव्ध गराउने र क्रियाकलाप सञ्चालन पूर्व र समाप्ति पछी शिक्षक विद्यार्थीलाई अनिवार्य रुपमा सेनिटाइजर प्रयोग गर्न लगाउने ।

(छ) एक वेन्चमा बढीमा २ जना सम्म विद्यार्थी राखी निर्धारित दुरी कायम गर्ने र एउटा कोठामा बढीमा १५-२० जना सम्म विद्यार्थी हुने गरी बसाई व्यवस्थापन मिलाउने ।

(ज) शौचालयमा भिडभाड नगराउने पालै पालो शौचालय जाने आउने गरी व्यवस्था मिलाउने ।

(झ) कम्पाउण्ड भित्र वा बाहिर भिड भाड हुन नदिने ।

(ञ) क्यान्टिन नखोल्ने, खाजा खानै पर्ने भए घरबाटै ल्याउने गरि व्यवस्थापन मिलाउने ।

(ट) प्रार्थना नगराउने, अतिरिक्त क्रियाकलापको कुनै कार्यक्रम सञ्चालन नगराउने, टिफिन र मिनि टिफिन नगर्ने ।

(ठ) सहज परिस्थिति नबने सम्म विद्यालय भित्र वा बाहिर कोचिङ टयूसनको कार्यक्रम सञ्चालन नगर्ने ।

(ड) विद्यालय बाहिर चना चटपट वेच्न नदिने, जङ्कफुड प्रयोग गर्न नदिने ।

(ढ) साना बालबालिकालाई अभिभावकले ल्याउने लैजाने व्यवस्था मिलाउने र ठुला विद्यार्थीहरुलाई साथीहरुसंग घुलमिल हुन नदिई एक्ला एक्लै आउने जाने व्यवस्था मिलाउने ।

(ण) कक्षाको समाप्ती र शुरुवातको बाँकी समयमा कक्षा कोठा सफा गरि निर्मलिकरण गर्ने ।

(त) विद्यार्थी आवत जावत गर्न वसको प्रयोग गर्नु पर्ने भएमा वसमा रहेको सिट क्षमताको पचास प्रतिशत मात्र विद्यार्थी राख्ने र वस भित्र कोभिड-१९ का सुरक्षात्मक उपायहरु सवै अवलम्वन गर्नुपर्ने । साथै विद्यार्थी ओसार पसार गरीसकेपछी वसलाई निर्मलीकरण गर्नु पर्ने ।

(थ) कामको सिलसिलामा विद्यालय प्रवेश गर्ने जो कोहीलाई पनि सवै सुरक्षात्मक उपायहरु अनिवार्य रुपमा अवलम्वन गर्न लगाउने ।

(द) पि.सि.आर को नतिजा पोजेटिभ आएका शिक्षक, विद्यार्थी, अभिभावक वा सरोकारवाला जो कोहीलाई पनि नेगेटिभ नतिजा प्राप्त नहुदा सम्म विद्यालय प्रवेश नगर्ने नगराउने ।

(ध) माथि उल्लेखित सुरक्षाका विकल्प बाहेक अन्य विकल्प भए सो समेत प्रयोग गर्ने ।

(न) उल्खित बुँदाहरु कडाइका साथ कार्यान्वयन गराउन विद्यालय प्रशासन, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ सजक रहने ।

**७.शिक्षण सिकाई क्रियाकलाप सञ्चालन, मूल्याङ्कन र प्रमाणिकरणः**

(क) विद्यालयबाट विद्यार्थी सिकाइ सहजीकरण र मूल्याङ्कनको कार्ययोजना सहितको बार्षिक क्यालेण्डर निर्माण गरी विद्यालय व्यवस्थापन समितिको वैठकबाट स्वीकृत गराई तत्काल कार्यान्वयनमा ल्याउने साथै साप्ताहिक र मासिक समय तालिका तयार गरी प्रकाशन गर्ने ।

(ख) पाठ्क्रम विकास केन्द्रबाट समायोजित गरिएको पाठ्यवस्तु प्राप्तगरी शिक्षकहरुलाई उपलव्ध गराउने र विद्यालयबाट समेत पाठ्यवस्तुमा समायोजित गर्नु पर्ने भए विषय शिक्षकको सहभागितामा सो समेत गरी सिकाइ सामाग्री विकास गरेर सिकाई सहजीकरण प्रक्रियालाई अगाडि बढाउने ।

(ग) प्रयोगात्मक र परियोजना कार्य गर्नु पर्ने विषयमा सुरक्षात्मक उपायहरु अवलम्वन गरी कार्य सञ्चालन गर्ने र मूल्याङ्कन गर्ने ।

(घ) विद्यार्थीले वैकल्पिक दुर शिक्षा वा प्रतक्ष साक्षात्कार लगायतका विभिन्न विधि प्रक्रिया र माध्ययमबाट सिकेका सिकाइलाई सम्बन्धित विषय शिक्षक र विद्यालयले मूल्याङ्कन अभिलेखिकरण नतिजा प्रकाशन र प्रमाणिकरण गर्ने गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने ।

(ङ) विद्यार्थीले सिकेका कुराको मूल्याङकन गर्ने, मूल्याङ्कन विधि अवलम्वन गर्दा विद्यार्थीलाई उपचारात्मक शिक्षण सिकाइको व्यवस्था गरी विद्यार्थीहरुको कार्यसञ्चयिका वनाई गर्न सकिने साथै प्रयोगात्मक कार्य, परियोजना कार्य वा समानान्तर प्रश्नपत्र वा अन्य उपयुक्त विधिको समेत प्रयोग गर्ने ।

(च) आवश्यक्ता अनुसार वर्कसिट निर्माण गरी विद्यालय मार्फत विद्यार्थीहरुलाई वितरण गर्ने ।

(छ) विभिन्न निकायबाट आधिकारीक रुपमा विकास गरी वेभ साइटहरुमा राखिएका वैकल्पिक शिक्षण सिकाइ सामाग्रीहरुको शिक्षक तथा विद्यालयबाट खोजी गरी अवश्यक्ता अनुसार विद्यार्थीहरुलाई वितरण गर्ने ।

(ज) विद्यालय तथा शिक्षकहरुबाट अनलाइन र अफलाइनका सामाग्री खोजी एवम निर्माण गरी विद्यार्थीलाई उपलव्ध गराउने र सामाग्री खोजीमा विद्यार्थीलाई सहजीकरण गर्ने साथै सामाग्री प्राप्तहुने पोर्टलहरुको बारेमा विद्यार्थीलाई जानकारी गराउने ।

(झ) रेडियो टि.भि.बाट प्रसारण हुने पाठ्यसामाग्रीको प्रसारण समयतालिका विद्यार्थीलाई उपलव्ध गराउने र कार्यक्रममा सहभागी हुन अभिप्रेरित गर्ने ।

(ञ) केन्द्रबाट निर्माण गरिएका वैकल्पिक शिक्षण सिकाइ सामाग्रीहरु प्राप्त गरी आवश्यक्ता अनुसार विद्यार्थीहरुलाई उपलव्ध गराउने ।

(ट) उल्लेखित बुँदाहरु बाहेक सिकाइ सहजीकरण र मूल्याङ्कन प्रक्रियामा अवलम्वन गर्न सकिने अन्य उचित विकल्पहरु विद्यालयले आफै निर्माण गरी प्रयोग गर्न सक्ने ।

**९.विद्यालयको भूमिकाः**

(क) विद्यार्थी भर्नाको कार्यक्रम सम्पन्न गर्ने विद्यार्थी अभिलेखिकरण गरी एकिन गर्ने र तोकिएको समयावधि भित्र सम्वन्धित निकायमा विद्यार्थी अभिलेख अध्यावधिक गराउने ।

(ख) विद्यार्थी सिकाइ सहजीकरणलाई सहज रुपमा अगाडी बढाउन कार्य योजना निर्माण गरि कार्यान्वयन गराउने ।

(ग) विद्यालय र सिकाइ केन्द्रमा कोभिड १९ को सक्रमणबाट बच्ने सबै सुरक्षात्मक उपायहरु अवलम्वन गराउने ।

(घ) शिक्षकलाइ नियमित विद्यालयमा उपस्थित गराउने ।

(ङ) सिकाइ सहजिकरणका लागि आवश्यक पर्ने शैक्षिक सामाग्री निर्माण र खोजि गर्न शिक्षकलाइ प्रोत्साहित गर्ने र सोका लागि अवश्यक स्रोत र साधनको व्यवस्था मिलाउने ।

(च) माथिल्लो निकायबाट प्राप्त निर्देशनलाई पूर्णरुपमा कार्यान्वयन गर्ने गराउने ।

(छ) विद्यालय वा समुदायमा सिकाइ केन्द्र सञ्चालन गर्दा सम्वन्धित वडा कार्यालय, स्थानीय संघ संस्था संग समन्वय गरी आवश्यक निर्णय लिने र अभिभावकको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

(ज) विद्यालयको लागि आवश्यक पर्ने स्रोत र साधन प्राप्ती र परिचालनका सम्बन्धमा माथिल्लो निकाय तथा सरोकारवालासंग सहजिकरण र समन्वय गर्ने ।

(झ) विद्यालयमा शिक्षक विद्यार्थीमा रोगको संक्रमण देखिएमा वा सोको कारणबाट जटिल परिस्थिति सिर्जना भएमा वडा कार्यालय संग समन्वय गरी सरोकारवालाहरुको समेत राय सल्लाह लिइ आवश्यक निर्णय लिने ।

(ञ) विद्यालयहरुले केन्द्र सञ्चालन पूर्व विद्यार्थी तथा अभिभावकलाई समय तालिका सहितको केन्द्र सञ्चालनको जानकारी अनिवार्यरुपमा गराउनु पर्ने ।

(ट) आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नको लागि विद्यालयले विद्यालय हाता भित्र सेवा प्रदान हुने गरि प्राथमिक उपचारको व्यवस्था मिलाउनु पर्ने ।

**१०.वडा कार्यालयको भूमिकाः**

(क) विद्यालय वा समुदायमा सञ्चालन हुने सिकाइ केन्द्र सञ्चालन र व्यवस्थापनमा आवश्यक सहजीकरण गर्ने ।

(ख) विद्यालय र सिकाइ केन्द्र सञ्चालनमा आवश्यक निर्णय लिदा संयोजकको भूमिकामा रही विद्यालय,विद्यालय व्यवस्थापन समिति र सरोकारवालाहरुको राय सल्लाह लिने ।

(ग) शिक्षक विद्यार्थीमा रोगको संक्रमण दर बढेमा वा जटिल परिस्थिति सिर्जना भएमा विद्यालय, विद्यालय व्यवस्थापन समिति र सरोकारवाला र नगरपालिकाको समेत राय सल्लाह लिइ आवश्यक निर्णय लिने ।

(घ) विद्यालयम र सिकाइ केन्द्रमा कोभिड-१९ को सबै सुरक्षात्मक उपायहरु अवलम्वन गर्न लगाउने र सोको अनुगमन गर्ने ।

(ङ) विद्यालय सञ्चालनको नियमितता, स्रोत र साधनको पहुँच र प्रयोगको अवस्थाको अनुगमन गरी जानकारी लिने र समय समयमा नगरपालिकासंग समन्वय गरी विद्यालय सञ्चालन अवस्थाको जानकारी गराउने ।

**११.नगरपालिकाको भूमिकाः**

(क) विद्यालय वा समुदायमा सिकाइ केन्द्र सञ्चालनमा ल्याउन वडा कार्यालय, विद्यालय र विद्यालय व्यवस्थापन समितलाई सहयोग गर्ने ।

(ख) विद्यालयबाट तथ्याङ्क संकलन गरी अध्यावधिक गर्ने, विद्यार्थी संख्या एकिन गर्ने र विद्यालयलाई शैक्षिक सूचना व्यवस्थापन गर्न लगाउने ।

(ग) विद्यालय र सिकाइ केन्द्रमा कोभिड-१९ को सुरक्षाका सबै उपायहरु अवलम्वन गर्न लगाउने र केन्द्रमा आवश्यक पर्ने थर्मलगन, सेनिटाइजर, मास्क, सावुन लगायतका सामाग्री खरिद तथा शैक्षिक समाग्री र स्टेशनरी सामाग्री खरिदका लागि आवश्यक सहयोग गर्ने ।

(घ) नगरस्तरीय बार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी विद्यालयलाई उपलव्ध गराउने ।

(ङ) विषयगत समिति मार्फत पाठ्यवस्तु समायोजन गर्न लगाई विद्यालयलाई उपलव्ध गराउने ।

(च) वर्कसिट तयार गर्न लगाई छपाई गर्ने, वैकल्पिक सिकाइका सामाग्रीहरु प्राप्त गरी छपाई गर्ने र विद्यालयलाई वितरण गर्ने ।

(छ) अनलाइन सहजीकरणका लागि आवश्यक पर्ने ल्यापटप, डेस्कटप, प्रोजेक्टर नभएका विद्यालयलाई सामाग्री खरिदका लागि आवश्यक सहयोग गर्ने ।

(ज) नेट सुविधा नभएका विद्यालयमा नेट जडानको लागि आवश्यक सहयोग गर्ने ।

(झ) शिक्षकलाई कम्प्यूटर र अनलाइन सञ्चालनको सीप हासिल गराउन प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।

(ञ) विद्यालय वा सिकाइ केन्द्र सञ्चालनमा कोभिड-१९ को कारण वा विषम परिस्थितिको कारण असहज परिस्थिति सिर्जना भएमा वर्तमान अवस्थाको मुल्याङ्कन गरी आवश्यक निर्णय लिने ।

(ट) अनुगमन सयन्त्र निर्माणगरी अनुगमनको दायरा बढाउने,विद्यालय वा केन्द्र सञ्चालनको अवस्था मूल्याङ्कन गरी कार्यक्रमलाई परिमार्जन गर्दै लैजाने ।

(ठ) संस्थागत विद्यालयले लिन पाउने शुल्क प्रचलित कानूनको अधिनमा रही निर्धारण गर्ने ।

**१२.प्रमाणिकरण र कार्यान्वयनः**(क) यो कार्यविधि नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भई नगर प्रमुखबाट प्रमाणिकरण हस्ताक्षर भए पश्चात लागू हुनेछ।

**१३ बाझिएमा अमान्य हुनेः** (क) यस मापदण्ड वा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएता पनि विद्यार्थी सिकाइ सहजीकरण निर्देशिका,२०७७ तथा प्रचलित ऐन कानून स्पष्ट उल्लेख भएको व्यबस्था र प्राबधानहरुको हकमा सोही बमोजिम हुनेछ ।